MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प.सं. : MFL/HO/2080-81/535

मिति : २०८०/१०/१६

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरबारप्लाजा, काठमाडौं
नेपाल ।

**बिषयः सोह्रौं वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८०/०९/२५ गते बुधवार सम्पन्न सोह्रौं वार्षिक साधारण सभाको निर्णय यसै पत्र साथ संलग्न गरि पठाईएको व्यहोरा सादर अनुरोध गर्दछौ ।

भवदीय,

विकास राज शाक्य
कम्पनी सचिव

बोधार्थः
१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

Head Office
Omkar Building (2nd Floor)
New Baneshwor, Kathmandu
Tel.: 977-01-4792517
Fax: 977-1-4792534

New Road Branch 01-5322103/57
Chabahil Branch 01-5916559/60
Gongabu Branch 01-5912032/33
Kalanki Branch 01-5224022/34
Narayanghat Branch 056-596034/434
Butwal Branch 071-535913/914
Dhangadi Branch 091-526866
Itahari Branch 025-584286
Biratnagar Branch 021-511194/95
Nepalgunj Branch 081-537508/09
Dharan Branch 025-530203/38
Pokhara Branch 061-574213/14
Birgunj Branch 051-532037
Murgiya Branch 071-440122/23
Yogikuti Branch 071-438563/64
Manigram Branch 071-562887/987
Bhairahawa Branch 071-590971/72
Gaindakot Branch 078-502315/16
Bharatpur Branch 056-590134/234
Tandi Branch 056-490026/27
Parsa Bazar Branch 056-582961/62
Inaruwa Branch 025-590031/32
Jhumka Branch 025-562169
Biratchowk Branch 021-545115/16

E-mail: info@manjushreefinance.com.np, Web: www.manjushreefinance.com.np

# मञ्जुश्री फाईनान्स लिमिटेड
## सोह्रौं वार्षिक साधारण सभाको
## निर्णय-पुस्तिका

यस मञ्जुश्री फाईनान्स लिमिटेडको **सोह्रौं वार्षिक साधारण सभा (16th Annual General Meeting)** कम्पनीको सञ्चालक समितिका **अध्यक्ष श्री यादव अधिकारी ज्यू** को सभापतित्वमा निम्न लिखित मिति, समय र स्थानमा बसि निम्न विषयहरु उपर छलफल गरि निम्नानुसारको निर्णय गरि **सोह्रौं वार्षिक साधारण सभा** सुसम्पन्न भयो ।

१. **सोह्रौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थान** :

मिति : २०८० पौष २५ गते बुधवार (तदनुसार १० जनवरी २०२४) ।

समय : विहान ११:०० बजे ।

स्थान: थापागाउँ ब्याङ्केट, थापागाउँ, नयाँबानेश्वर, काठमाण्डौ ।

२. **सोह्रौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका विषयहरु :**

(क) **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष ०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको वासलात एवं आ.व. ०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरिक्षण समितीको सिफारिसमा आर्थिक वर्ष ०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजि रु. १,३५,१५,५२,८४८।८० (अक्षरेपि एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अठ्चालिस रुपैंया असी पैसा मात्र) को ५.२६३% (पाँच दशमलव दुई छ तिन प्रतिशत, कर सहित) ले हुन आउने रु ७,११,३२,२२६।४३ (अक्षरेपि सात करोड एघार लाख बत्तीस हजार दुई सय छब्बीस रुपैंया त्रिचालिस पैसा मात्र) बरावरको नगद लाभांश (नगद लाभांशको कर सहित) वितरण गर्न स्वीकृती प्रदान गर्ने ।

५. यस वित्तीय संस्थाको सञ्चालक समितिमा सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट निर्वाचित सञ्चालकहरु मध्ये २ (दुई) जना सञ्चालकको चार वर्षे कार्यकाल २०८० पौष मसान्त देखि रिक्त हुने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) मा कम्तीमा एक जना सञ्चालक महिला हूनु पर्ने व्यवस्था बमोजिम रिक्त रहने उक्त २ (दुई) जना सञ्चालक पद मध्ये कम्तीमा एक जना महिला निर्वाचित हुने गरी रिक्त २(दुई) जना सञ्चालक पदको निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्तावहरु :**

१. यस वित्तीय संस्था र अन्य कुनै पनि उपयूक्त बैंक वा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (MERGER) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयूक्त देखिएमा यस वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मुल्यांकनकर्ता नियूक्त गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध :

३. **उपस्थिति :**

**क) कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सञ्चालकहरुको उपस्थिती :**

| | | |
|---|---|---|
| १. | श्री यादव अधिकारी | अध्यक्ष |
| २. | श्री इन्दिरा पण्डित (घिमिरे) | सञ्चालक |
| ३. | श्री सुमन प्रसाद अधिकारी | सञ्चालक |
| ४. | श्री रामहरी शर्मा | सञ्चालक |
| ५. | श्री दिलमान सिंह चन्द | सञ्चालक |
| ६. | श्री अरुण न्यौपाने | सञ्चालक |

**ख) अन्य पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री तेजराज तिमिल्सिना | कार्यवाहक प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री विकाश राज शाक्य | कम्पनी सचिव |

**ग) आमन्त्रित :**

१. श्री प्रकाश लम्साल, चार्टड एकाउण्टेन्ट, पि.एल.आर.जि. एशोसिएट्स चार्टड एकाउण्टेन्टस् ।

२. श्री अनिल पन्थी, प्रतिनिधि एनआईएमबि एस क्यापिटल लिमिटेड (शेयर रजिष्ट्रार) ।

३. श्री भरतमणि गौतम, वरिष्ठ अधिवक्ता, निर्वाचन अधिकृत ।

**घ) कार्यक्रम सञ्चालक :** श्री श्रीधर भण्डारी, अधिवक्ता, प्रमुख कानून अधिकृत ।

४. **उपस्थित शेयरधनीहरुको शेयर संख्या** :

१) स्वयंको उपस्थित शेयरधनीहरुको शेयर संख्या : ३३,८१,२२१

(क) संस्थापक शेयरधनीहरु तर्फ : २९,२९,८९९

(ख) सर्वसाधारण शेयरधनीहरु तर्फ : ४,५१,३२२

२) प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित शेयरधनीहरुको शेयर संख्या : ४७,५८,४३१

(क) संस्थापक शेयरधनीहरु तर्फ : ३२,६८,९२३

(ख) सर्वसाधारण शेयरधनीहरु तर्फ : १४,८९,५०८

**५. शेयरधनीहरुको प्रतिनिधित्व भएको जम्मा शेयर संख्या र उपस्थिति प्रतिशत :**

१) शेयरधनीहरुको प्रतिनिधित्व भएको जम्मा शेयर संख्या : ८१,३९,६५२

२) शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशत : ६०.२२ %

**६. साधारण सभा सम्बन्धि सूचना :**

यस संस्थाको मिति २०८० साल पौष महिना ०२ गते सोमवार बसेको सञ्चालक समितिको २६२ औं बैठकको निर्णय वमोजिम आज मिति २०८० पौष २५ गते ११ बजे यस थापागाँउ व्याङकेट, थापागाँउ, नयाँबानेश्वर, काठमाण्डौंमा सोह्रौं वार्षिक साधारण सभा बस्ने भनि मिति, समय, स्थान र छलफल हुने विषय समेत उल्लेख गरि सवै शेयरधनी महानुभावहरुको जानकारीका लागि सर्वप्रथमतः २१ दिन अगावै कम्पनीको सूचनापाटी तथा कम्पनीको वेभसाइटमा सूचना प्रकाशित गरि सूचित गरिएको, सोह्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना सभा हुने मिति भन्दा २१ दिन अगावै पहिलो पटक मिति २०८०।०९।०४ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिका एवं दोश्रो पटक २०८०।०९।१२ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको र शेयरधनी महानुभावहरुको उपलब्ध भए सम्मका मोवाइल नं. मा एस एम एस मार्फत सोह्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना सम्प्रेषण गरिएबाट कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिमको सम्पुर्ण प्रकृया पुरा भएको व्यहोरा अध्यक्ष ज्यूको अनुमतिले सभाका सञ्चालकले सभालाई जानकारी गराउनु भयो ।

**७. गणपुरक संख्या :**

सोह्रौं वार्षिक साधारण सभामा यस वित्तीय संस्थाको वाँडफाँड भएको कुल शेयर संख्याको ५०% (पचास प्रतिशत) भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनी महानुभावहरुले उपस्थिति जनाई सक्नु भएको र उपस्थित हुने क्रम जारी रहेकोले कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम गणपुरक संख्या पुगेको व्यहोरा अध्यक्षको अनुमतिले सभाका सञ्चालकले सभालाई जानकारी गराउनु भयो ।

| वाँडफाँड भएको कुल शेयर संख्या | स्वयं उपस्थित शेयर संख्या | प्रतिनिधि मार्फत उपस्थित शेयर संख्या | शेयरधनीहरुको प्रतिनिधित्व भएको जम्मा शेयर संख्या | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| १,३५,१५,५२८।४८८० | ३१.८५८% | ३७.५२% | ९३७६८०१ | ६९.३८% |

**८. सभाको वैधानिकता तथा सभापतित्व :**

सोह्रौं वार्षिक साधारण सभामा कुल शेयर संख्याको ५०% (पचास प्रतिशत) भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनी महानुभावहरुले उपस्थिति जनाई सक्नु भएको र उपस्थित हुने

क्रम जारी रहेकोले कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम गणपुरक संख्या पुगेको, कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सम्पुर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभा सम्वन्धी सूचना प्रवाह भएको हुँदा अध्यक्ष ज्यूको अनुमतिले सभाका सञ्चालक तथा वित्तीय संस्थाका प्रमुख कानून अधिकृतले सो वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम बैधानिक भएको व्यहोरा सभालाई जानकारी गराउनु भए पश्चात् यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष **श्री यादव अधिकारी**ले सोह्रौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरी पानसमा बत्ति वाली सभाको शुभारम्भ गर्नु भयो ।

९. **सभाको सञ्चालन तथा प्रतिबेदन प्रस्तुति** :

यस वित्तीय संस्थाको सोह्रौं वार्षिक साधारण सभा शुभारम्भ गरी सभाको सञ्चालन गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति **श्री यादव अधिकारीज्यू**ले सबै शेयरधनी महानुभावहरु समक्ष आ.ब. २०७९/०८० को सञ्चालक समितिको प्रतिबेदन पढेर सुनाउनु भयो । तत्पश्चात् सञ्चालक समितिको प्रतिबेदन, आ.ब. २०७९/०८० को लेखापरिक्षण प्रतिबेदन सहितको वासलात, नाफा नोक्सानको हिसाब किताब तथा नगद प्रबाहको विवरण र सोह्रौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका विषयहरु छलफलका लागि प्रस्तुत गर्नु भई, सो उपर छलफल गर्न र यसका विविध पक्षहरुका बारेमा आ-आफ्ना जिज्ञासा, विचार, मन्तव्य वा सुझावहरु व्यक्त गर्नको लागि सबै शेयरधनी महानुभावहरुलाई सामूहिक रुपमा अनुरोध समेत गर्नु भयो ।

१०. **सभाका सभापति तथा वित्तीय संस्थाका अध्यक्ष श्री यादव अधिकारीज्यूको अनुरोध पश्चात् छलफलमा सहभागि भई आ-आफ्नो जिज्ञासा, विचार, मन्तव्य वा सुझावहरु व्यक्त गर्नु हुने तथा लिखित रुपमा सुझाव दिनु हुने शेयरधनी महानुभावहरु** :

१) श्री व्यास कुमार शर्मा　२) श्री उत्सब सुन्दर श्रेष्ठ　३) श्री चन्द्र नारायण श्रेष्ठ

४) श्री ब्रम्हदेव शाक्य　५) श्री सुदिप श्रेष्ठ

११. **शेयरधनी महानुभावहरुले छलफलमा सहभागि भई तथा लिखित रुपमा पेश गर्नु भएको जिज्ञासा, विचार, मन्तव्य वा सुझावहरुको सारांश** :

१) अध्यक्षद्वारा प्रस्तुत वित्तीय विवरण राम्रो रहेको, आफ्नो EPS को अवस्थालाई ८.५७ लाई बढाएर १८.२८ पुर्‍याएको र संस्थाका वित्तीय सुचकांकहरु निकै सकारात्मक रहेबाट सो सवै कार्य सराहनिय रहेको ।

२) आम्दानीका श्रोतहरु वढाई चालु आर्थिक वर्षमा कर्जा लगानी तथा निक्षेप संकलनको स्थिति राम्रै देखिएता पनि खराव कर्जाले बैकिङ्ग क्षेत्र तनाव ग्रस्त भएको वर्तमान परिस्थतिलाई मध्यनजर गरी सो तर्फ सचेत रहनुपर्ने आवश्यता रहेको ।

३) वित्तीय संस्थाहरु मध्ये यस संस्था अव्वल रहनुका साथसाथै कर्मचारीहरुले ग्राहक वर्गलाई प्रवाह गर्ने सेवा सत्कार प्रसंशा लायक रही र निजहरुको राम्रो व्यवहारले आफूहरुसँग भएको वचत रकम पनि यस संस्थामा नै जम्मा गर्न उत्प्रेरित गर्ने गरेको ।

४) कुनै पनि संस्थाको उन्नति प्रगतिको लागी कर्मचारी वर्गको भूमिका नै महत्वपुर्ण हुने भएकोले कर्मचारीहरुलाई कामको आधारमा प्रोत्साहन गर्नुका अलावा निजहरुलाई काम प्रति अभिप्रेरित गर्न निजहरुको दैनिक जिवनयापन गर्न पुग्ने किसिमले सेवा सुविधा बृद्धि गर्नु पर्ने देखिएको ।

५) आगामी दिनमा संस्थाले नगद लाभांश वितरण गर्ने भन्दा बोनश सेयर वितरण गर्ने तर्फ वढी ध्यान केन्द्रित गर्नु पर्ने देखिएको ।

६) कार्यवाहक प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा लामो समय संस्था सञ्चालन गर्नु उपयुक्त नहुने भएकोले प्रमुख कार्यकारी अधिकृतको नियूक्ती अविलम्व गर्नु पर्ने देखिएको ।

७) सहकारी संस्थाहरुका लागि सक्षम र जिम्मेवार नियमकारी निकाय नरहेको कारण पछिल्ला दिनहरुमा सहकारीको भावना र मर्म भन्दा वाहिर गई खराव नियत राखि गैर सहकारी कार्यहरु गर्ने विभिन्न ठुला वित्तीय कारोवार गरि रहेका सहकारी संस्थाहरु एक पछि अर्को गर्दै धरासायी हुँदै गएको कारण आम सर्वसाधारणहरुमा बैंक तथा वित्तीय संस्थाहरुका प्रति सकारात्मक भावनाको अभिवृद्धि हुँदै गई बैंक तथा वित्तीय संस्थाका प्रति आम जनमानसको हेर्ने दृष्ट्रिकोणमा देखापरेको सकरात्मक भावनालाई अवसरको रुपमा रुपानतरण गरी सोको भरपुर फाईदा लिनु पर्ने चुनौती वित्तीय संस्थाहरुमा रहेको ।

८) हाल वित्तीय संस्थाहरु घट्दै गई रहेको परिप्रेक्षमा साना तथा मझौला उद्यम व्यवसायको प्रवर्दनका लागि पनि वित्तीय संस्थाहरु अस्तित्वमा रहनु अति आवश्यक रहेकोले यस वित्तीय संस्थाले पनि आफूलाई साना तथा मझौला व्यवसायिक कर्जा प्रवाह तर्फ आफूलाई केन्द्रित गरि यूवा उद्यमीहरुलाई प्राथमिकता दिई युवाहरुलाई विदेश पलायन हुनबाट रोक्ने माध्यम बन्नु पर्ने देखिएको ।

९) आर्थिक मन्दीका कारण धेरै जसो बैंक तथा वित्तीय संस्थाले यस वर्ष लाभांश वितरण गर्न नसकेको परिप्रेक्षमा विगतमा राम्रो प्रतिफल दिन सफल भएको यस संस्थाले यस वर्ष थोरै मात्र अर्थात ५.२६ लाभांश वितरण गर्ने प्रस्ताव पेश गरे पनि खुसि नै लागेको र आगामी वर्षमा दोहोरो अंकमा लाभांश वितरण गर्न सञ्चालक समिति तथा व्यवस्थापन सक्षम हुनेमा विश्वस्त रहेको ।

१०) संस्थाको साख प्रतिस्पर्धी संस्थाहरुका सामु राम्रो रहेकोले यसलाई भोलिका दिनमा समेत कायमै राख्न सञ्चालक समिति तथा व्यवस्थापन सक्षम हुनेमा विश्वस्त रहेको ।

११) बैंक तथा वित्तीय संस्थाहरुका वीचमा रहेको तिव्र पतिस्पर्धाका वावजुत पनि निक्षेपमा २२.९४% र कर्जा तर्फ १४.२४% ले बृद्धि गराउने कार्य तारिफ योग्य रेहेकाले सो का लागि संस्थाका सम्बन्धित सवै धन्यवादको पात्र रहेको ।

१२) केहि आर्थिक अराजकता मच्चाउने तत्वहरुका कारण समग्र बैंक तथा वित्तीय संस्थाहरुमा NPL को मात्रा बढ्न गएको तितो यथार्थ रहेकोले यस संस्थाको पनि NPL ३.२१ पुगेकोले आगामी दिनमा सुझबुझ र सजगताका साथ NPL घटाउन तर्फ व्यवस्थापन सक्रियताका साथ लाग्नु पर्ने अवस्था रहेको ।

१३) संस्थाले आगामी आर्थिक वर्षमा आकर्षक प्रतिफल दिने अवस्था सुनिश्चित हुनेगरी उत्कृष्ट कार्य सम्पादन गर्नेमा विश्वस्त रहेको ।

१४) वित्तीय संस्थाहरु घटि रहेको अवस्थामा यस वित्तीय संस्थाले आफूलाई सवल, सक्षम र सुद्रिढ संस्थाको रुपमा स्थापित गर्नु आजको आवश्यकता रहेको ।

१५) हिजोका दिनमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाम्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने काम भए पनि सो को नतिजा केहिमा बाहेक धेरै जसोमा प्रत्यूत्पादक नै रहेको देखिएले गाम्ने गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने सम्वन्धी विशेष प्रस्तावको सान्दर्भिकता नदेखिएको ।

१२. **शेयरधनी महानुभावहरुको उपरोक्त जिज्ञासा, विचार, मन्तव्य वा सुझावहरु उपर सभाका सभापतीको अनुमतीले संस्थाका तर्फबाट कार्यवाहक प्रमुख कार्यकारी अधिकृत श्री तेज राज तिमिल्सिनाज्यूले दिनु भएको प्रत्युत्तर :**

सर्वप्रथमतः सोह्रौं वार्षिक साधारण सभा समक्ष शेयरधनी महानुभावहरुले छलफलमा सहभागिता जनाई लिखित तथा मौखिक रुपमा दिनु भएको/उपलव्ध गराउनु भएको अमुल्य जिज्ञासा, विचार, मन्तव्य, सुझावहरु तथा मार्ग निर्देशनहरुका लागि हार्दिक आभार प्रकट गर्दै विशेष धन्यबाद दिन चाहन्छु । सबै शेयरधनी महानुभावहरुलाई कुनै पनि समयमा संस्थामा आई आफूलाई राय सुझाब राखि दिन समेत आग्रह गर्दछु । शेयरधनी महानुभावहरुबाट सभामा प्राप्त अमुल्य राय सुझाव तथा मार्ग निर्देशनहरुका अलावा बेलाबखत संस्थाको कार्यालयमा आई दिनुहुने अमुल्य राय सुझावलाई समेत आगामी दिनहरुमा क्रमशः अबलम्वन गर्न प्रतिबद्ध रहेको व्यहोरा समेत यस गरिमामय सभामा जाहेर गर्दछु । साथै शेयरधनी महानुभावहरुले औल्याउनु भए अनुरुपका कमि कमजोरीहरुलाई सुधार गर्न सञ्चालक समिति तथा व्यबस्थापन पक्ष अत्यन्त सजग रहने छ भन्ने कुरा समेत यस गरिमामय सभा समक्ष विश्वास दिलाउन चाहन्छु ।

शेयरधनी महानुभावहरुबाट मर्जरको सम्बन्धमा राख्नु भएको जिज्ञासा र सुझाबका सम्बन्धमा हामीले विगत बर्ष देखि नै शेयरधनी महानुभावहरुको सुझाब अनुरुप नै यदि राम्रो संस्थासँग सबै शेयरधनीहरुको हित हुने हिसावले मर्जरको प्रस्ताव आएमा मात्र मर्जरमा जाने अन्यथा नजाने निति अख्तियार गरि आएको व्यहोराका सम्बन्धमा सभा जानकार नै रहेकोले यस पटक पनि राम्रो संस्थाहरुसँगको मर्जरको ढोका खुलै राखिएको हो र यस संस्थालाई यदि मर्जरमा जानु पर्ने स्थितिको श्रृजना भएमा सबै शेयरधनीहरुको हित हुने गरि मात्रै मर्जरमा जाने व्यहोरा यस गरिमामय सभा समक्ष प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्तमा यस संस्थाको व्यापारको साइजलाई बढाउनेमा नै संस्थाको ध्यान केन्द्रित रहेकोले आगामी दिनमा संस्थाको प्रगति सम्भब एवं सुनिश्चत रहेकोले यस संस्थाको भविष्य सदा झै उज्वल नै रहनेमा यस गरिमामय सभालाई विश्वस्त तुल्याउन चाहन्छु । साथै हाम्रा काम कारवाही, व्यवहार र संस्थाको प्रगती आदिका वारेमा शेयरधनी महानुभावहरुबाट अमुल्य राय सुझाव तथा मार्ग निर्देशनहरु निरन्तर पाईरहने अपेक्षा गर्दै यहाँहरुको महत्वपूर्ण बिचार, राय,

सुझाव तथा मार्ग निर्देशनहरु विभिन्न माध्यमहरुबाट प्राप्त गर्नका लागि म कार्यवाहक प्रमुख कार्यकारी अधिकृतको हैसियतबाट प्रतिवद्ध रहेको व्यहोरा सादर जानकारी गराउँदछु ।

**१३. सोह्रौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका विषयहरु उपर छलफल गरी पारित भएका निर्णयहरु :**

**क) सामान्य प्रस्तावहरु उपरको निर्णय**

१) आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल हुँदा उक्त वार्षिक प्रतिवेदनलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

२) लेखापरिक्षक श्री पि.एल.आर.जि. एशोसिएट्स चार्टड एकाउण्टेन्टस्को प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात एवं आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि उक्त प्रस्तावलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरिक्षण समितीको सिफारिसमा आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा लेखापरिक्षक श्री पि.आर.एस.एच. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई लेखापरिक्षकमा नियुक्त गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो । साथै आर्थिक वर्ष २०८०/०८१ को लेखापरिक्षण गरे बापत निज लेखापरिक्षक श्री पि.आर.एस.एच. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्को लेखापरिक्षण खर्च सहितको पारिश्रमिक रकम रु. ५,००,०००।- (अक्षरेपी पाँच लाख रुपियाँ मात्र) (मु.अ.कर वाहेक) निर्धारण गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो ।

४) यस वित्तीय संस्थाको सञ्चालक समितिमा सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट निर्वाचित सञ्चालकहरु मध्ये एकजना महिला र एकजना पुरुष गरी २ (दुई) जना सञ्चालक ज्यूहरुको चार वर्षे कार्यकाल २०८० पौष २९ देखि रिक्त हुने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) मा कम्तीमा एक जना सञ्चालक महिला हूनु पर्ने वाध्यात्मक व्यवस्था बमोजिम रिक्त रहने उक्त २(दुई) जना सञ्चालक पद मध्ये कम्तीमा एक जना महिला निर्वाचित हुने गरी रिक्त २(दुई) जना सञ्चालक पदको निर्वाचन गर्ने प्रयोजनका लागि यस संस्थाको मिति २०८० पौष २ गते बसेको सञ्चालक समितिको २६२ औ बैठकले श्री भरतमणि गौतम, वरिष्ठ अधिवक्ता ज्यूलाई निर्वाचन अधिकृतमा नियूक्त गरी निर्वाचन गराउने जिम्मेवारी दिए अनुरुप निज निर्वाचन अधिकृतले कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, मञ्जुश्री फाईनान्स लिमिटेडको प्रवन्ध पत्र, नियमावली, सञ्चालक निर्वाचन सम्बन्धि निर्देशिका, २०८० तथा प्रचलित कानून बमोजिम मिति २०८० पौष ११ गते दिउसो १:०० वजे निर्वाचन अधिकृतको मुकाम रहेको श्री मञ्जुश्री फाईनान्स लिमिटडको केन्द्रिय कार्यालय नयाँवानेश्वर र संस्थाको वेभ साइटमा प्रकाशित गर्नु भएको निर्वाचन कार्यक्रम अनुसार मिति २०८०।०९।२० गते ११:३० वजे देखि ३:३० बजे सम्म उम्मेदवारी दर्ता गर्ने समय तोकिएकोमा उक्त समयावधी भित्र एक जना महिला सञ्चालक पदका लागि सर्वसाधारण

समूहका शेयरधनीहरु श्री इन्दिरा पण्डित (घिमिरे) तथा श्री अर्चना गौतम खनाल र महिला बाहेकको एक जना सञ्चालक पदका लागि सर्वसाधारण समूहका शेयरधनी श्री दिपक थापा एक जना मात्रको उम्मेदवारी दर्ता भएको र निर्धारित निर्वाचन कार्यक्रममा तोकिए अनुरुपको समयावधि भित्र उक्त उम्मेदवारी विरुद्द कुनै दाविविरोध पनि नपरेको र कुनै उम्मेदवारको उम्मेदवारी फिर्ता नभएकोले सोही निर्वाचन कार्यक्रम अनुरुप मिति २०८०।०९।२२ गते अपरान्ध ४:३० बजे उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिएकोमा मिति २०८०।०९।२३ गते दिउसो १:०० वजे महिला सञ्चालक पदका लागि उम्मेदवारी दिनु हुने उम्मेदवार श्री अर्चना गौतम खनालले आफ्नो उम्मेदवारी फिर्ता गर्न निवेदन गर्नु भएको र यस मञ्जुश्री फाईनान्स लिमिटेडको सञ्चालक निर्वाचन निर्देशिका, २०८० को दफा १३ बमोजिम सञ्चालक समितिले उम्मेदवारी फिर्ता लिन अनुमति समेत दिएकोले निजको उम्मेदवारी फिर्ता गरिए पश्चात् यस वित्तीय संस्थाको सञ्चालक समितिमा सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट निर्वाचित सञ्चालक मध्ये १(एक) जना महिला र १(एक) जना पुरुष गरि २(दुई) जना सञ्चालक पद मध्ये महिला सञ्चालक पदका लागि श्री इन्दिरा पण्डित घिमिरे-१ र महिला बाहेकको एक जना सञ्चालक पदका लागि श्री दिपक थापा एक/एक जनाको मात्र उम्मेदवारी दर्ता कायम रही सो संख्या निर्वाचित गरीनु पर्ने सञ्चालकहरुको पद संख्या भन्दा बढी नभै बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा १६ बमोजिमको योग्यता पुगेको, ऐ. को दफा १८ एवं कम्पनी ऐन, २०६३ को दफा ८९ बमोजिमको अयोग्यता नरहेको हुँदा उक्त २ (दुई) सञ्चालक पदका लागि मनोनयन पत्र दाखिल गर्नु हुने श्री इन्दिरा पण्डित घिमिरे-१ र श्री दिपक थापा-१ लाई यस मञ्जुश्री फाईनान्स लिमिटडको नियमावलीको नियम ८ बमोजिम मिति २०८० पौष २९ देखि आगामि ४ वर्षको कार्यकालका लागि सर्वसाधारण शेयरधनीहरुको तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको भनि यस साह्रौ वार्षिक साधारण सभा समक्ष लिखित प्रतिवेदन पेश गर्नु भएको हुँदा निर्वाचन अधिकृतको उक्त प्रतिबेदनलाई सर्बसम्मतिले पारित गरि निर्विरोध निर्वाचित हुनु भएका शेयरधनीहरु **श्री इन्दिरा पण्डित घिमिरे-१ र श्री दिपक थापा-१** लाई मञ्जुश्री फाईनान्स लिमिटडको नियमावलीको नियम ८ बमोजिम मिति २०८० पौष २९ देखि आगामि ४ वर्षको लागि सर्वसाधारण शेयरधनीहरुको तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा नियूक्त गर्ने निर्णय सर्बसम्मतिले पारित गरियो ।

**(ख) <u>विशेष प्रस्तावहरु उपरको निर्णय</u> :**

१) यस वित्तीय संस्था र अन्य कुनै पनि उपयूक्त बैंक वा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (MERGER) गर्ने वा प्राप्ती (Acquisition) गर्ने तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयूक्त देखिएमा यस वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मुल्यांकनकर्ता नियूक्त गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो

प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो ।

(ग) **विविध** : विविध शिर्षक अन्तर्गत अन्य छलफलको विषय बाँकी नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ बमोजिम यस वित्तीय संस्थाका अध्यक्ष तथा कम्पनी सचिबले प्रमाणिकरण गरि कम्पनी सचिबले सो निर्णय पुष्तिकाको प्रतिलिपि प्रमाणित गरि प्रतिलिपिहरु बुझाउनु पर्ने विभिन्न नियमनकारी निकायहरुमा बुझाउने निर्णय समेत सर्वसम्मतीले पारित गरियो ।

१४. धन्यबाद ज्ञापन गर्दै सभा बिर्सजन : अन्तमा सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष **श्री यादव अधिकारी** ज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै सभा बिर्सजन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| **श्री विकास राज शाक्य**<br>**कम्पनी सचिव** | **श्री यादव अधिकारी**<br>**अध्यक्ष** |

सम्बत् २०८० साल पौष महिना २५ गते बुधवार ।